सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक ७० ♦ २०८२ साल कार्तिक २८ शुक्रवार ♦ 14 Nov 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## मधेश प्रदेशमा मच्चिएको राजनीतिक अराजकता

### मुख्यमन्त्री नियुक्ति विवादमा सांसदहरू तोडफोड र कुटिपिटमा उत्रिए । सभामुख विरूद्ध प्रस्ताव आएपछि पाँच जना पदमुक्त गरियो ।

अजयकुमार साह

कार्तिक २७ गते, बर्दिवास



GenZ आन्दोलनले विधि र प्रक्रियामा राज्य सञ्चालनको माग गरे पनि त्यसलाई बेवास्ता गर्दै मेधश प्रदेशमा राजनीतिक दलहरू अराजकता तर्फ अग्रसर भएका छन् ।

आन्दोलन मार्फत संघीयता संस्थागत गर्ने भूमिका खेलेको मधेश प्रदेशमा मुख्यमन्त्री नियुक्ति प्रकरणले संघीयताको उपहास भएको छ । मुख्यमन्त्री नियुक्ति प्रकरणदेखि प्रदेशसभाका सभामुख विरूद्ध पद अनुकूल आचरण नगरेको प्रस्ताव र प्रदेशसभा सदस्य पद मुक्तका क्रममा राजनीतिक अराजकता देखिएको हो ।

मधेश प्रदेशसभाको राजनीतिक वातावरण बिहीबार साँझ अत्यन्त तनावपूर्ण बन्यो । सभामुख रामचन्द्र मण्डलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गर्ने प्रयाससँगै प्रदेशसभाभित्र सत्तापक्ष र प्रतिपक्षबीच तीव्र वाकयुद्ध हुँदै हात हालाहालको स्थिति उत्पन्न भयो । ठूलो संख्यामा परिचालित प्रहरी बलले अवस्था नियन्त्रणमा लिन नसकेको भए प्रदेशसभा हलमै हिंसात्मक झडप हुने अवस्था देखिएको थियो ।

प्रदेशसभामा उत्पन्न अव्यवस्थित वातावरणका कारण जनमत पार्टीका संसदीय दलका नेता महेश यादवसहित केही सांसद घाइते भएका छन् । विपक्षी सात दलका सांसदहरू अविश्वास प्रस्ताव दर्ता गर्न सभामुखको कक्षतर्फ जाँदै गर्दा करिब एक घण्टा प्रदेशसभाभित्रै 'थुनिएका' थिए ।

'केही सांसदहरूलाई थुनिएर राखियो । सभामुख गुण्डा शैलीमा प्रस्तुत हुनुभयो,' कांग्रेस संसदीय दलका नेता कृष्ण यादवको आरोप छ ।

जनमत पार्टीका सांसद चन्दन सिंहले सभामुख मण्डले सांसदमाथि हातपात गरेको आरोप लगाएका छन् । 'सभामुखविरूद्ध हामी संविधानले दिएको अधिकार प्रयोग गर्दै प्रस्ताव दर्ता गराउन गयौं । उहाँले सांसद माथि हातपात गर्नुभयो ।'

जनमत पार्टीका नेता यादवका अनुसार लोसपाका जय नुल राईन, उपेन्द्र महतो, रानी शर्मा तिवारी, रुपा यादव, माओवादी केन्द्रका भरतप्रसाद साह, जनमतका महेश यादव, चन्दन सिंह, जसपा नेपालका राजु गुप्ता लगायतका सांसदहरू प्रदेशसभा भवनभित्रै रोकिएका थिए । पछि प्रहरीले उनिहरुलाई सुरक्षा दिई बाहिर निकालेका थिए।

### सात दलको अविश्वास प्रस्ताव

सभामुख मण्डलविरुद्ध नेपाली कांग्रेस, जनता समाजवादी पार्टी (जसपा) नेपाल, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनमत पार्टी, लोसपा र नागरिक उन्मुक्ति पार्टी – यी सात दलले संयुक्त रूपमा अविश्वास प्रस्ताव दर्ता गरेका हुन् ।

उनीहरूले आरोप लगाएका छन् कि सभामुख मण्डलले नेपालको संविधान २०७२ र प्रदेशसभा कार्य सञ्चालन नियमावली २०७५ का मापदण्डविपरीत प्रदेशसभाको बैठक सञ्चालन गरेका छन् । सभामुखले एक दलको निर्देशनअनुसार सभा सञ्चालन गरी संसदीय मर्यादामाथि आघात पुऱ्याएको आरोप लगाइएको छ ।

प्रस्तावमा भनिएको छ, सभामुख मण्डलले २२ कात्तिक २०८२ मा कार्यव्यवस्था परामर्श समितिको निर्णयविपरीत विपक्षी दलका संसदीय दलका नेताहरूलाई रोस्ट्रम प्रयोग गर्न नदिई 'पदअनुकूल आचरण विपरीत' व्यवहार प्रदर्शन गरेका छन् । त्यसदिन उनले मुख्यमन्त्री र अन्य प्रदेशसभा सदस्यहरूलाई पनि रोस्ट्रम प्रयोग गर्न निषेध गरेका थिए ।

### विवादको जरो : मुख्यमन्त्री नियुक्तिको प्रकरण

सभामुख मण्डल एमाले पृष्ठभूमिबाट आएका हुन् । हालको विवादको जरो भने मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति-प्रक्रियासँग गाँसिएको छ ।

२२ कात्तिकमा तत्कालीन मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने प्रकृयामा अघि बढ्नु अघि नै राजीनामा दिएका थिए । सोनल संविधानको धारा १६८(२) अनुसार गठबन्धन सरकार गठनको पक्षमा थिए । तर, तत्कालीन प्रदेश प्रमुख सावित्री सुवेदी भण्डारी (एमाले निकट) ले संविधानको धारा १६८(३) का आधार मा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरिन् ।

यो नियुक्ति प्रक्रियालाई विपक्षी दलहरूले संविधानविपरीत भन्दै कडा विरोध जनाए । उनीहरूले आरोप लगाए – "प्रदेश प्रमुख र सभामुख दुवै एमालेको राजनीतिक निर्देशनमा काम गर्दै एमालेकै मुख्यमन्त्री बनाउन प्रयत्नशील थिए।"

### घटनाक्रमको सिलसिला


२२ कात्तिकमा विश्वासको मतको प्रकृयामा प्रवेश गर्नु अघि नै सोनलले राजीनामा दिए । त्यसै दिन साँझ उनको नेतृत्वको गठबन्धनले नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखलाई संविधानको धारा १६८(२) अनुसार आह्वान गर्न माग गर्दै ज्ञापनपत्र बुझाएको थियो । तर, प्रदेश प्रमुखले सो माग बेवास्ता गर्दै अर्को बिहान (

बाँकी पृष्ठ २ मा

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी

पत्रिका
क्यालेण्डर
रजिष्टर, डाइरी
किताब
परीक्षा कपी
पर्चा पम्पलेट
बिल, भाउचर,



स्क्रिन प्रिन्ट
विवाह कार्ड
प्रमाण पत्र
भिजिटिङ्ग कार्ड
झोला प्रिन्ट
रबर स्टाम्प



फ्लेक्स प्रिन्ट
ब्यानर प्रिन्ट
होर्डिङ्ग बोर्ड
स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# मधेश प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत, कृषि र उत्पादन क्षेत्रको योगदान उच्च

खबर दर्पण समाचारदाता

**कार्तिक २७ गते, बर्दिवास**

आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशको आर्थिक वृद्धि ३.८८ प्रतिशत पुग्ने अनुमान गरिएको छ । राष्ट्रिय तथ्यांक कार्यालयले जारी गरेको विवरण अनुसार प्रदेशको कुल जीडीपी उपभोक्ता मूल्यमा ८ खर्ब ४ अर्ब रुपैयाँ हुने अनुमान गरिएको छ ।

देशको कुल गार्हस्थ उत्पादन ६१ खर्ब ७ अर्ब रुपैयाँ रहने अनुमान गरिएको छ । राष्ट्रिय जीडीपी आधारभूत मूल्यमा ३.९९ प्रतिशत वृद्धि हुने अपेक्षा गरिएको छ भने मधेश प्रदेशको आधारभूत मूल्यमा वृद्धि ३.८८ प्रतिशत रहने कार्यालयले जनाएको छ ।

मधेश प्रदेशको जीडीपीमा सबैभन्दा ठूलो योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रले गरेको छ। यसको हिस्सा ३६.७० प्रतिशत छ । सबैभन्दा कम योगदान खानी तथा उत्खनन क्षेत्रको ०.१५ प्रतिशत रहेको छ । यस आवको आधारमा प्रदेशको प्रति व्यक्ति आय ९३२ अमेरिकी डलर हुने अनुमान गरिएको छ ।

प्रदेशमा तरकारी तथा बागवानीले ओगटेको क्षेत्रफलमा १०.२७ प्रतिशतले वृद्धि भएको छ । तर, फलफूल र मसला बालीको क्षेत्रफल क्रमशः २५.२० र ७.९४ प्रतिशतले घटेको छ ।

उत्पादनको हिसाबले खाद्य तथा अन्य बाली १४.०१ प्रतिशत, तरकारी तथा बागवानी ९.७९ प्रतिशतले वृद्धि भए पनि फलफूल ९.०७ र मसला १०.५३ प्रतिशतले घटेको छ ।

मधेश प्रदेशका बैंक तथा वित्तीय संस्थाबाट कृषि, माछापालन र वन क्षेत्रमा ६२ अर्ब ९८ करोड कर्जा प्रवाह भएको छ। यो कुल कर्जाको १२.७० प्रतिशत हो । औद्योगिक क्षेत्रमा प्रवाह हुने कर्जा ५.११ प्रतिशतले वृद्धि भई १ खर्ब २८ अर्ब ९ करोड पुगेको छ । उद्योग क्षेत्रमा सबैभन्दा बढी कर्जा गैरखाद्यवस्तु उत्पादन उद्योगतर्फ (५१.७६%), कृषि-वन र पेय पदार्थ उद्योगतर्फ ३७.३९%, निर्माण उद्योग ५.२६% र अन्य क्षेत्रहरूमा बाँडिएको छ ।

गत आव मधेश प्रदेशका होटलमा कार्यरत कर्मचारी संख्यामा २०.४२ प्रतिशत कमी आएको छ । तर, पर्यटक आगमन १८.२५ प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकको अध्ययनले देखाएको छ । घर जग्गा रजिस्ट्रेसन संख्या ३४.१७ प्रतिशतले वृद्धि भए पनि त्यसबाट संकलित राजस्व १९.२९ प्रतिशतले घटेको छ । निर्माणाधीन राष्ट्रिय गौरवका आयोजनामा निजगढ



अन्तर्राष्ट्रिय विमानस्थल, पूर्व-पश्चिम रेलमार्ग, हुलाकी र ाजमार्ग, काठमाडौं-तराई मधेश द्रुतमार्ग र राष्ट्रपति चुरे-तराई मधेश संरक्षण कार्यक्रम कार्यान्वयनमा छन् । तीमध्ये हुलाकी सडकमार्गको निर्माण गति तुलनात्मक रूपमा तीव्र देखिएको छ ।

मधेश प्रदेशबाट वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति लिनेको संख्या १ लाख ९३ हजार ९ सय २ रहेको छ। यो देशभरका स्वीकृत रोजगारीको २३.१० प्रतिशत हो ।

# मधेश प्रदेशमा मच्चिएको राजनीतिक................

२४ कात्तिक) एमालेका सरोजकुमार यादवलाई मुख्यमन्त्री नियुक्त गरी महोत्तरीको एक होटलमै शपथ खुवाइन् ।

यस घटनाले मधेश प्रदेशको राजनीतिको मैदान ततायो । २४ कात्तिकमै मुख्यमन्त्री र प्रदेश प्रमुखको कार्यालय तोडफोड गरियो। सात दलका सांसदहरू र निवर्तमान मुख्यमन्त्री सोनलको अगुवाइमा विरोध प्रदर्शन भए ।

७५ जना सांसदहरूले मुख्यमन्त्री नियुक्तिको वैधानिकतामाथि अदालतमा रिट दर्ता गरेका छन् । यता प्रदेश प्रमुख भण्डारीलाई पदबाट बर्खास्त गरी सुरेन्द्र लाभ कर्णलाई नयाँ प्रदेश प्रमुख नियुक्त गरिएको छ ।

## 'एमालेलाई साइजमा राख्ने' सात दलको रणनीति

प्रदेश प्रमुख परिवर्तनसँगै सात दलले सभामुख मण्डलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गर्ने तयारी गरे । उनीहरूका अनुसार, "सभामुख मण्डलले निरन्तर एमालेको निर्देशनअनुसार सभा सञ्चालन गरेका कारण अब उनलाई पदमुक्त गर्नु आवश्यक" छ ।

हाल मधेश प्रदेशमा सात दलबीच 'एमालेलाई हरेक संवैधानिक निकायबाट हटाउने अभियान' चलिरहेको छ । अघिल्ला चरणमा प्रदेश प्रमुख र मुख्यमन्त्री एमालेका थिए, अहिले मुख्यमन्त्री नियुक्ति अदालतमा विवादित छ, र अब सभामुख हटाउने राजनीतिक गणित अघि बढाइएको छ ।

राजनीतिक विश्लेषकहरू भन्छन् – "सभामुख मण्डललाई हटाउने सात दलको प्रयास मधेशमा सत्ताको समीकरण पुनःनिर्माण गर्ने रणनीतिक हिस्सा हो ।"

यी प्रकरणले मधेश प्रदेशमा राजनीतिक अराजकतालाई दर्शाउने विश्लेषक तुलानारायण साह बताउँछन् । संघीयताविरूद्ध प्रश्न उठिरहेको समयमा संघीयताप्रति भरोसा जगाउनुपर्ने काम गर्नुपर्ने दायित्व रहेको बखत वितृष्णा फैलाउने गतिविधि मधेश प्रदेशमै हुनु दुर्भाग्य रहेको उनी बताउँछन् । 'मधेश प्रदेश संघीयता संस्थागत गर्न योगदान गरेको प्रदेश हो । तर यो प्रणालीप्रति प्रश्न उठिरहेका बेला वितृष्णा बढाउने गरी अराजक गतिविधि यही प्रदेशमा हुनु दुर्भाग्यपूर्ण हो,' उनले भने ।

केन्द्रीय राजनीतिमा देखापरेका विकृति प्रदेशर्तफ सरेको उनको भनाइ छ। 'तोडफोड, कुटपिटका घटना केन्द्रीय राजनीतिमा भइरहेका थिए । प्रदेशमा पनि सांसदबीच हातपात कुटपिट हुनु दुःखद हो,' साहले भने ।

## सभामुख मण्डलले पाँच जना सांसदलाई गरे पदमुक्त

सभामुख रामचन्द्र मण्डलले मधेश प्रदेश सभाका पांच जना सांसदलाई पदमुक्त गरेका छन। १० ओटा बैठकमा अनुपस्थित रहेको भन्दै रिषको झोंकमा साँसदहरुलाई पदमुक्त गरेका छन । सभामुख मण्डलले पदमुक्त गरेका सांसदहरूमा नागरिक उन्मुक्ति पार्टीकी उर्मिला देवी सिंह, जसपाका मनिषकुमार सुमन, जसपाकै संजय कुमार यादव, जसपा कै सिंहासन शाह कलवार र जसपा कै शारदाशंकर प्रसाद कलवारलाई रहेका छन् ।

उनिहरूलाई पदमुक्त गरिएको सूचना सभामुखले जारी गरेका छन्।

'संविधानमा मधेश प्रदेश सभा बैठकको अभिलेख अनुसार नेपालको संविधानको धारा १८० यो बमोजिम प्रदेश सभामा लगातार १० (दश) वटा बैठकमा अनुपस्थित रहेका तपशिलमा उल्लेखित माननीय सदस्यहरू मिति २०८२।०७।२७ गते देखि प्रदेश सभा सदस्यबाट पद मुक्त भएको हुँदा निजहरू प्रदेश सभा सदस्यहरुको स्थान रिक्त भएको बेहोरा प्रदेश सभा कार्य सञ्चालन नियमावाली, २०७५ को नियम १८५ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।' सूचनामा उल्लेख गरिएको छ।

## निष्कर्ष

मधेश प्रदेशमा पछिल्ला केही सातादेखि उत्पन्न राजनीतिक द्वन्द्व संघीय राजनीति र संवैधानिक अभ्यासकै परीक्षा बनेको छ । दलहरूबीचको अविश्वास, प्रदेश प्रमुख र सभामुखको भूमिकामाथिको प्रश्न, र मुख्यमन्त्री नियुक्तिको विवादले मधेशको राजनीतिक स्थायित्वमा गम्भीर असर पारेको छ ।

प्रदेशसभाको मत विभाजन अब कानुनी व्याख्या र राजनीतिक सहमतिमा निर्भर देखिन्छ । तर यथार्थमा, मधेश प्रदेशको सत्ता संघर्ष अझै समाप्त भएको छैन – बरु, यसले अर्को चरणको र ाजनीतिक टकरावको संकेत गरिरहेको छ ।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशमा काठमाडौंको अर्को शक्ति संघर्ष





**चन्द्रकिशोर**

लोकतान्त्रिक शासनका अखण्डता कायम राख्न र सुनिश्चित गर्न संविधान देशको सर्वोच्च कानुन हो, एक स्वतन्त्र र प्रभावी न्यायालय प्रणाली, जुन अत्यन्त महत्त्वपूर्ण हुन्छ। यस्ता भावका कथ्यहरू प्रायः सुनिन्छ। तर, व्यवहारमा अदालत कार्यपालिकाको स्वार्थको विस्तार हो भन्ने र बुझ्नेहरू कम छैनन्। कतिपयले त यो मुख्य कार्यकारीको स्वार्थभन्दा पनि यसलाई स्थायी सत्ताको प्रवक्ताका रूपमा व्याख्या गर्छन्। भनिन्छ, स्थायी सत्ताले आफू अनुकूलको परिस्थिति निर्माणका लागि अदालतलाई अगाडि सार्छ रे ! निकै पुरानो छ न्याय माग्नेहरूको दुःख।

यतिखेर भदौरे चट्याडमा झुल्सिएको अदालत कसरी अघि बढ्ने ? राजनीति सच्चिन तयार छैन। जनताको सार्वभौमिकताको पवित्र स्थल प्रतिनिधिसभा हठात् भंग भएको छ। अचानक अस्तित्वमा आइपुगेको सुशीला कार्की नेतृत्वको सरकार आफैं अनेकौं प्रश्नको झन्झावातमा घेरिएको छ। सुरक्षातन्त्र घबराहटमा छ।

प्रश्नहरू यति उठिरहेको छ कि कोलाहल हुँदै छ। सडकमै न्याय खोज्ने प्रवृत्ति हौसिएको छ। फरक मत राख्ने वा काम गर्नेमाथि बल प्रयोग गर्ने सोच गहिरिँदो छ। यस्तो कठिन समयमा न्यायिक साहसको लोकतान्त्रिक प्रक्रिया लिकमा फर्किन सक्छ, कुल्चिन पुगेका विधि र मूल्यहरू फेरि टुसाउन सक्छन् ? के अदालत बदलिएको परिस्थितिमा आफूमाथि आइपुगेको कार्यभारप्रति गम्भीर छ ? अदालतसँग वर्तमानले अपेक्षा गरेको छ, इतिहासले मूल्यांकन गर्नेछ।

'संस्थाको रूपमा न्यायपालिकाको भाग्य र एक लोकतान्त्रिक मुलुकका रूपमा हाम्रो भाग्य, यस कुरामा निर्भर रहन्छ कि हामी, एक व्यक्तिका रूपमा बोल्छौं कि चुपचाप हेर्दै रहन्छौं,' सर्वोच्च अदालतका न्यायाधीशहरूले पक्कै सोचिरहेको हुनुपर्छ। अदालतको शक्ति उसको साख र मर्यादा हो। विगतमा स्थायी सत्तालाई विश्वास गरेर शक्तिको मतियार बन्ने अदालतको विश्वसनीयता स्खलित हुँदै जानु जोखिमपूर्ण भए पनि अनौठो थिएन। हेर्दा सामान्य लागे पनि अदालतको छवि जोगाउनु न्यायाधीशहरूको कार्यभार हो। विश्वसनीयताको संकट अदालतप्रति समेत गहिरिएको छ। जुनसुकै जीवन्त अदालतमा दूरदर्शिता, पूर्वज्ञान एवं पूर्वदृष्टिका आधारमा भौतिक जोखिम, मानसिक शंका एवं सामाजिक दबाबका बाबजुद 'यो सही भएन' भन्ने हिम्मत भएको न्यायाधीश सीमित हुन्छन्, जो संकटका बेला दिशानिर्देश गर्न सक्ने आँट राख्छन्।

संवाद गर्नु स्वयंलाई प्रश्नांकित गर्नुमा सहायक नहोस् त त्यसको के मतलब ? अदालत स्वयंले आफ्नो मुहार समाजको ऐनामा हेर्न जरुरी छ, त्योसँगै आफैंमा संवाद गर्नु अपरिहार्य। अनि पो आत्मविस्मृत 'समाज-राजनीति' लाई कलमको नोकले गुदगुदाएर जगाउने चेष्टा गर्नु र राजनीति कोल्टे फेर्न नइच्छाएका बखत कलमको नोक राजनीतिको देहमा घोप्ने दुस्साहस अदालतले यदाकदा स्विकार्छ। तात्कालिक उत्प्रेरक तत्त्वले अदालती सचेतता बरु कुन्द गर्छ, बढाउन सघाउँदैन। लाभ-हानिको हिसाबकिताब गरेर फैसला गर्नेहरू अप्ठ्यारो परेका बेला कि रंग फेर्छन् वा पार्टीतिर लाग्छन्।

छिमेकी भारतमा तत्कालीन निर्वाचित प्रधानमन्त्री इन्दिरा गान्धीले २६ जुन १९७५ मा आपत्काल लागू गरेकी थिइन्, जो उनन्तिस महिनासम्म रह्यो। आपत्काललाई भारतीय लोकतन्त्रको कालो टीका भनेर चिनाइन्छ। त्यतिखेर राज्यको प्रत्येक अंगमा कार्यकारीको दबदबा थियो, नियन्त्रणको कठोर कोसिस थियो, मनमर्जीको मौसम थियो। तर, केही न्यायाधीशहरू यस्ता देखिए, जसले बेलगाम प्रवृत्तिमाथि विधिको, मूल्यको लक्ष्मणरेखा कोरे। सन् १९७६ मा एक सम्पादकीयमा 'न्युयोर्क टाइम्स' ले भविष्यवाणी गरेको थियो- यदि भारतमा कुनै बखत लोकतन्त्र फर्किएर आयो भने कोई न कोई निश्चित रूपले सुप्रिम कोर्टका न्यायमूर्ति एच. आर. खन्नाका लागि एक स्मारक बनाउनेछ।' सम्पादकीयमा सुप्रिम कोर्टको एक विवादास्पद फैसलालाई उल्लेख गरिएको थियो, जसमा आन्तरिक सुरक्षा अधिनियम, सन् १९७१ का तहत हिरासतमा लिइएका व्यक्तिहरूले अवैध हिरासतबाट राहतको माग राखेका थिए। पीठका पाँच न्यायाधीशमध्ये खन्नाले फरक धारणा राखेका थिए। खन्नाका साहसी निर्णय र त्यसको परिणाम प्रख्यात भयो। प्रधानन्यायाधीश बन्ने दौडमा तिनलाई पछाडि पारियो र आखिरमा उनले राजीनामा दिनुपर्‍यो।

न्यायाधीश खन्नाको मान्यता थियो- कानुनी विवादहरू बुझ्नु वा सुल्झाउनु त्यस समाजको व्यापक उद्देश्यहरूलाई बुझ्ने बेगर असम्भव छ, जसमा ऊ सहभागी छ। कानुनका विद्यार्थीहरूले यसलाई सरल शब्दमा अर्थ्याउँछन्- संविधानको प्रयोग एक अराजक समाज बनाउनका लागि होइन किनकि संवैधानिक उद्यमको पूरा उद्देश्य अराजकतालाई रोक्नु र वैध प्राधिकरण स्थापित गर्नु हो। न्यायाधीश खन्नाले सेवानिवृत्तिको उपलक्ष्यमा आयोजित एक रात्रिभोजमा भनेका थिए, 'अदालतले सत्यको कसौटीमा खरो उत्रिएर सम्मान अर्जित गर्नुपर्छ।'

अदालतका लागि सबैभन्दा गम्भीर खतरा उसको स्वयंको तागत होइन, ती तागतहरू सँगको मिलीभगत हो, जसको रक्षा गर्ने दायित्व त्यसमाथि हुन्छ। अदालतको शक्ति जनविश्वास सिर्जित गर्ने उसको क्षमतामा निर्भर हुन्छ। तसर्थ न्यायाधीशहरू आत्मचेतन हुनुपर्छ। न्यायाधीशहरू आफूमा अन्तर्निहित शक्तिको प्रयोग कसरी गर्छन् ? निवृत्त जीवनमा कुनै शासकीय महत्त्वाकांक्षाको सपना छ कि ? यी कुराहरूले पनि विश्वसनीयताको उभार घटीबढी हुन्छ।

भारतमा आपत्कालको एक्काइस महिनाको दरम्यान शीर्ष विपक्षी नेताहरूसहित एक लाखभन्दा अधिक व्यक्तिलाई बिना कुनै मुकदमा हिरासतमा राखिएको थियो। त्यस अन्धकारमय समयमा, एक्लो न्यायाधीशले भारतीय नागरिकहरूको अधिकार रक्षाका लागि अनेकौं मूल्य चुकाएर र कार्यपालिकाविरुद्ध खडा भएर न्यायिक इतिहासमा अमिट छाप छाडे। न्यायाधीश हंसराज खन्ना (एच.आर .खन्ना) थिए ती, जसले भारतको प्रधानन्यायाधीश बन्ने मौका गुमाए। तर, आफ्नो असहमति दर्ज गरेर कानुनका शोधकर्ताका लागि एक चम्किला परिच्छेद बने। वास्तवमा यो यस्तो पाठ हो, जो हाम्रो समयमा पनि उत्तिकै स्मरणयोग्य छ, जति भारतीय परिप्रेक्ष्यमा न्यायाधीश खन्नाको समयमा थियो।

यो जुनसुकै लोकतान्त्रिक व्यवस्थामा पनि न्यायिक स्वतन्त्रताका भयावह विरासत बुझ्ने सूत्र हो। जहाँ भय छ, त्यहाँ न्याय हुन सक्दैन। संविधान फगत कागजको टुक्रो होइन। संघीयताको अवधारणा लहडमा ल्याइएको होइन। होटलमा शपथ गराएका मधेश प्रदेश प्रमुखलाई राष्ट्रपतिले दण्डित गरिसकेका छन्।

होटलमा शपथ लिएका मुख्यमन्त्रीलाई सर्वोच्चले लगाम लगाएको छ। सर्वोच्च अदालतले मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री एमाले नेता सरोजकुमार यादव र उनको सिफारिसमा गठन भएको मन्त्रिपरिषद्लाई दीर्घकालीन प्रभाव पार्ने नीतिगत निर्णय नगर्न/नगराउन अन्तरिम आदेश जारी गर्नु एक ऐतिहासिक आदेश हो।

काठमाडौंको शक्ति संघर्षले मधेशमा अनेक प्रयोग गरिरहन्छ। मधेशलाई एक राष्ट्रिय प्रयोगशालाका रूपमा स्थापित गरिन्छ। एमालेले आफ्नै कार्यकर्ताहरूमा फैलिएको निराशा व्यवस्थापन गर्न मधेशमा 'शपथको खेल' गराएको हो। जति नै हल्लिए पनि सितिमिति धराशायी हुने संरचना होइन प्रदेश। संघीयता व्यापक हित, विविधता व्यवस्थापन एवं विकेन्द्रित शक्ति अभ्यासको उपकरण हो। पदासीन व्यक्तिले आफ्नो पदीय गरिमाको हेक्का राख्न नसक्नु तिनको अयोग्यता हो नकि यो प्रादेशिक संरचनाको। एमालेले जसरी होटलमा मञ्चन गरिएको राजनीतिक नाटकको पक्षमा बोल्यो, तिनले आफू सच्चिने भेउ अझै नपाएको प्रस्ट्याउँछ। तिनले भुइँतहबाट व्यक्त हुने आक्रोशको आकलन गर्न सकेनन्। अदालतको आदेश आइसके पनि एमालेले मधेश प्रदेशमा भएको आफ्नो कमजोरी स्वीकारसम्म गरेको छैन। मधेश भूगोल वा मधेशको संघर्षबाट आएको संघीयता केवल त्यहींका राजनीतिक शक्तिहरू मात्रको सम्पत्ति नभई सबै नेपालीको साझा धरोहर भइसकेकाले त्यसबारे व्यापक सार्वजनिक बहस भने चलिरहनु उपयुक्त हुनेछ।

सर्वोच्च अदालतको ढोका ढकढक्याउन पुगिसक्ने मधेश प्रदेशसभाका सदस्यहरूले जनकपुरमा गरेको 'तोडफोड राजनीति' को जवाफ लामो समयसम्म दिइरहनुपर्छ। प्रदेशसभाका सदस्य पंक्तिमा सुस्तरी प्रतिद्वन्द्विता 'कोभन्दा को बढी उग्र' देखिने भन्ने आत्मघाती दिशातर्फ उन्मुख हुँदै गइरहेको छ। होटलमा शपथको खेलाले मधेश प्रदेशमा एमालेविरुद्ध सबै दललाई गोलबद्ध गरिदिएको छ। नेपाली कांग्रेसले जसरी एमालेसँगको दूरी देखायो र भविष्यमा पनि त्यसमा अविचल रहिरह्यो भने मधेश प्रदेशबाटै कांग्रेसले सम्भाव्य गोरेटोहरूतर्फ इंगित गर्छ। नेपाली कांग्रेसले मधेश प्रदेशमा आउन लागेको अस्थिरताको आकलन र विश्लेषणपछि आफ्नो सही राजनीतिक दिशा पहिल्याउन सक्छ। सीके राउतले आफ्नै दल नेतृत्वको सतीश सिंहको सरकारलाई किन ढाले ? लगत्तै अर्को गठबन्धनको सरकारमा भाग खान किन पुगे ? सर कारबाट हट्नैबित्तिकै स्वायत्तताको रागको अर्थ र अभिप्राय के हो ? यसको उत्तर दिनैपर्छ।

संघमा एक पूर्वप्रधानन्यायाधीशको म्यादी सरकार छ, उता कोही पूर्वप्रधानन्यायाधीश आफू अनुकूलको परिस्थिति निर्माणका लागि तुरुपहरू चाल्दै छन्, यस्तोमा कार्यकारीसँग विलगाव मात्रै होइन, आफ्नै महत्त्वाकांक्षाहरूबाट मुक्ति अदालतको भविष्य दृष्टि हुन सक्छ। त्यस अर्थमा लोकतन्त्रलाई जीवन्त बनाइराख्न सर्वोच्च अदालतको सान्दर्भिकता समाप्त भएको छैन। भीडले न्याय प्रभावित गर्न खोज्ने प्रवृत्तिबाट आफूलाई जोगाउन सक्यो भने ती न्यायाधीशहरू आफ्ना फैसलाहरूबाट विभूति बन्न सक्छन्।

इतिहासले हामीलाई सिकाउँछ- नागरिकको मूर्खताले सधैं सत्तालाई धृष्टता गर्न निम्तो दिन्छ। आगो झोसिने डर राखेर अदालतका भवनहरू जोगिन सक्छ, तर अदालतलाई जोगाउने भनेको न्यायाधीशहरूको सामूहिक संकल्प, साहस र सपनाबाटै हो।

-कान्तिपुरबाट

# मधेस प्रदेश प्रमुख डा. लाभले पदभार सम्हाले




**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, जनकपुरधाम**

मधेश प्रदेशका नवनियुक्त प्रदेश प्रमुख डा. सुरेन्द्र लाभ कर्णले बिहीबार पदभार ग्रहण गरेका छन् ।

प्रदेश प्रमुख कार्यालयमा आयोजित औपचारिक समारोहका बीच उनले पदभार ग्रहण गर्दै औपचारिक रूपमा काम सुरु गरेका हुन् ।

पदभार ग्रहण समारोहका क्रममा प्रदेशका निमित्त प्रमुख सचिव लालबाबु काबाडीले डा. कर्णलाई स्वागत गर्दै प्रदेशको राजनीतिक अवस्था, प्रशासनिक संरचना र हालका चुनौतीबारे जानकारी गराएका थिए ।

सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै डा. कर्णले मधेश प्रदेशलाई सीताको जननीको भूमि भनेर वर्णन गर्दै यस प्रदेशको ऐतिहासिक, धार्मिक र सांस्कृतिक पहिचानप्रति सम्मान प्रकट गरे । उनले भने, 'पत्रकारमैत्री प्रदेश प्रमुखको रूपमा कार्य गर्ने प्रतिवद्धता जनाउँदै, "सञ्चार कर्मीहरू लोकतन्त्रका आधार हुन्, तिनको सुझाव र सहकार्य अत्यावश्यक ।" ।

डा. कर्णले संविधानको रक्षा, सुशासन प्रवर्द्धन र न्यायपूर्ण ढंगले प्रदेशको सेवा गर्ने आफ्नो प्राथमिकता रहेको बताए ।

मुख्यमन्त्री नियुक्ति विवादबारे सोधिएको प्रश्नमा उनले भने, "अदालतको आदेश र संवैधानिक मापदण्डअनुसारै म अघि बढ्नेछु।"

यसअघि राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार शीतल निवासमा आयोजित समारोहमा डा. कर्णलाई पद तथा गोपनीयताको शपथ गराएका थिए ।

# उपसभामुख राउतले सुरक्षाको कारण देखाउँदै प्रदेशसभा भवनभित्रको आवास खाली गरिन्



**खबर दर्पण समाचारदाता**

**कार्तिक २७ गते, जनकपुरधाम**

मधेश प्रदेशकी उपसभामुख बबिताकुमारी राउत ईशरले सुरक्षाको कारण देखाउँदै जनकपुरधामस्थित प्रदेशसभा भवनभित्रको आवास खाली गरेकी छन् ।

हालै प्रदेशसभामा उत्पन्न तनाव र सभामुखविरुद्धको पदअनुकूल आचरण नगरेको प्रस्तावपछिको राजनीतिक वातावरण असहज बनेको भन्दै उनले व्यक्तिगत सुरक्षाका लागि सो कदम उठाएको बताइन् ।

उपसभामुख राउतले भनिन्, 'हाल प्रदेशसभामा राजनीतिक तनाव तीव्र भएको छ । कार्यकक्षमै सांसदहरूलाई थुनिएको, विवाद भएको, हातपातको प्रयास भएको घटनाले मलाई पनि असुरक्षित महसुस गराएको छ । त्यसैले सुरक्षा निकायको सुझावअनुसार प्रदेशसभा भवनभित्रको आवास छोडेकी हुँ ।'

उनका अनुसार उनले अस्थायी रूपमा जनकपुरधामकै निजी वासस्थानमा बसोबास गर्ने निर्णय गरेकी छन् । उनले प्रदेशसभामा जिम्मेवारी निर्वाहमा कुनै असर नपर्ने र आफ्नो कार्यालयको काम नियमित रूपमा सञ्चालन हुने बताइन् ।

प्रदेशसभामा हाल सभामुख र ामचन्द्र मण्डलविरुद्ध पदअनुकूल आचरण नगरेको प्रस्ताव दर्ता भएपछि सत्ता र प्रतिपक्षबीच तीव्र विवाद भइरहेको छ । सोहीबीच केही सांसदहरू उपसभामुखको कार्यकक्षमै थुनिएको घटनापछि राजनीतिक वातावरण थप तातिएको थियो ।

कोरियन ब्युटी प्रोड्क्ट्स प्रयोग गरौं सधै जवान देखियौं ।

बर्दिवास क्षेत्रको लागि मार्केटिंग अफिसर सम्पर्क नं. - ९८०४८११३७५

साथै होम डेलिभरीको सुविधा छ।




खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,